# जीवन



दिल कुमार पाख्रीन (उदाशी)

आँधी चल्छ सपना भरी
ठोकिँदै ठुला ठुला पहाडहरुमा
दिन पनि रुझेकै छ घाम पानीले
ओसिलो छ मन
कता कता तुवाँलो भित्रै छोपिएछ जस्तो लाग्छ जीवन!

फुलहरुसङ्गै सजिएर
मुटुभरी चोट दिई
युगौँ युग बाँचिरहने मायाँ- खोलाको बगरै बगर
छछल्किँदै दुख्छ

आँखाभरी कैद गरि साटिरहेँ माया
भागिहिंड्ने जुनलाइ
रातभरी तारासङ्गै रमाएका खुशिहरु
बिलिन भयो शित सङ्गै बिहानिमा

बर्सिरहेछ हिमपात एक्लो पहाडमाथी
तै पनि पुरिएन शिखर
नाची रहेछ बुकि फुल सिरेटोमा !

अप्सोच_
तुवाँलोभित्रै कता कता (हराएछ जस्तो लाग्छ जीवन)२ !!

amitrai_333@yahoo.com
हेलौँछ- ९ बुद्ध चौक
हाल: कुवैत